# नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि.

# Nepal Housing & Merchant Finance Ltd.

## एघारौं वार्षिक प्रतिवेतन तथा लेखा



**Gajendra B. Shrestha**
**Chairperson**



**Anil Hada**
**Chief Executive Officer**



आपसी विश्वास **NH&MF** सबैको लागि आवास

# नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि. को एघारौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री गजेन्द्रबहादुर श्रेष्ठले प्रस्तुत गर्नु भएको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि. को एघारौ वार्षिक साधारण सभामा भाग लिन आउनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरू तथा आमन्त्रित अतिथिहरूलाई संचालक समिति एवं मेरो तर्फबाट हार्दिक स्वागत गर्दै हाम्रो कम्पनी स्थापनाकाल देखि निरन्तर रूपमा विश्वसनिय तथा गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै यस वर्ष एघारौ वर्षमा प्रवेश गरेको सहर्ष जानकारी गराउदछु ।

देशमा छरिएर रहेको पूंजीलाई उत्पादनशिल क्षेत्रमा सदुपयोग गरी मुलुकको आर्थिक बिकासलाई टेवा पु-याउने पवित्र उद्देश्य लिई स्थापना भएको तपाईहरूको यो कम्पनी गत आ.व. मा थप १७२ ग्राहकहरूबाट रू. ८ करोड ८४ लाख गरी जम्मा ३,२०४ ग्राहकहरूबाट ५९ करोड ४२ लाख निक्षेप संकलन गर्न सफल भएको र थप १६४ ग्राहकवर्गमा रू ११ करोड ८२ लाख गरि जम्मा ८४८ ग्राहकहरूलाई रू. ५८ करोड ५३ लाख कूल कर्जा प्रवाह गर्न सफल भएको जानकारी गराउदछु । साथै विगत १० वर्षमा शेयरधनी महानुभावहरूलाई जम्मा १२१.४७ प्रतिशतसम्म लाभांश बितरण गर्न सफल रहेको सर्हष जानकारी गराउदछु । यस अवसरमा आर्थिक वर्ष २०६१/ ६२ को वासलात , नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरू समेतको प्रतिबेदन यस सभामा उपस्थित शेयरधनी महानुभावहरूको समर्थनको लागि प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## समीक्षा अवधि आ.व. २०६१।६२ को कारोवारको सिंहावलोकन

विगतका वर्षहरूझै यस आर्थिक वर्षमा पनि शान्ति सुरक्षको प्रत्याभूति नहूदा मुलुकको समग्र आर्थिक अवस्था प्रतिकूल नै रहयो । राष्ट्रमा विद्यमान असहज परिस्थिति कायमै रहेको कारण वित्तीय संस्थाहरूका लगानी भएका अधिकांश ऋणिहरूसंग ऋण असुलीमा निकै कठिनाई रहेको छ । उपयूक्त सुरक्षित लगानीको अभाव र देशको कमजोर आर्थिक तथा सुरक्षा स्थितिका बावजुद कम्पनीले करपछिको मुनाफाको बृद्धिलाई निरन्तरता दिने क्रममा आ.व. ६१।६२ मा हाम्रो उपलब्धि विगतको बर्ष भन्दा ११३.१५ प्रतिशतले बृद्धि गरी रू. १ करोड २० लाख पु-याउन सफल रहेको सहर्ष जानकारी गराउन पाउंदा गौरवान्वित भएको छु । अब म संक्षिप्तमा राष्ट्रिय अन्तराष्ट्रिय अर्थतन्त्रको विवेचना सहित समिक्षा अवधि आ.व.२०६१/ ६२ मा कम्पनीको निक्षेप, कर्जा, लगानी तथा कम्पनीले हासिल गरेका उपलब्धि सहितको विवरण प्रस्तुत गर्दछु ।

### १) राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्र

बिश्व अर्थ व्यवस्थाको विगतका प्रतिकूल गैर आर्थिक घटनाक्रमले सिर्जित बिश्वासको संकट र आर्थिक शिथिलतामा क्रमश: सुधारको संकेतको फलस्वरूप वस्तु तथा सेवा व्यापारमा बिस्तार र समग्र आर्थिक व्यवस्थापनको दक्षता अभिबृद्धि जस्ता कारणहरूको परिप्रेक्ष्यमा अन्तरराष्ट्रिय मुद्रा कोषले सन २००५ को लागि बिश्वको आर्थिक बृद्धिदर ४.३ प्रतिशत हुने प्रक्षेपण गरेको छ । बिश्व अर्थतन्त्रमा महत्वपूर्ण भूमिका राख्ने संयूक्त राज्य अमेरिका, चीन, यूरोपेली मुलुकहरू र जापान आदिको आर्थिक बृद्धिदरले बिश्वको आर्थिक बृद्धिदरलाई निर्देशित गर्ने हुदा सम्बन्धित नीति निर्माणकर्ताहरूले सुधारको क्रमलाई निरन्तरता दिदै बिश्व आर्थिक असन्तुलनलाई बिश्वास र सहकार्यको शैलीबाट समाधान खोज्नु पर्ने देखिन्छ ।

नेपालका छिमेकी मुलुकहरू भारत र चीनमा सन २००४ मा आर्थिक बृद्धिदर क्रमश: ७.३ प्रतिशत र ९.५ प्रतिशत रहयो र सन २००५ मा क्रमश: ६.७ प्रतिशत र ८.५ प्रतिशत हुने प्रक्षेपण अन्तराष्ट्रिय मुद्रा कोषले गरेको छ । आ.व. २०६१/ ६२ मा पनि मुलुकमा शान्ति सुरक्षाको प्रत्याभूति नहुनुको साथै मौसमी प्रतिकूलता, अन्तराष्ट्रिय व्यापारमा शिथिलता, पर्यटन एवं निर्माण क्षेत्रमा अनपेक्षित नकरात्मक प्रभाव पर्न गएकोले आ.व.२०६०/ ६१ को तुलनामा समष्टिगत आर्थिक परिसुचकका दृष्टिले कम सुधारोन्मुख देखिएको छ । आर्थिक वर्ष आ.व.२०६०/ ६१ मा नेपालको प्रतिब्यक्ति राष्ट्रिय उत्पादनमा ३.७ प्रतिशतले बृद्धि हुने अनुमान छ । आ.व.२०६०/ ६१ मा प्रतिब्यक्ति कुल राष्ट्रिय उत्पादन २०,५५४ अर्थात करीब २७८ अमेरिकी डलर रहेकोमा आ.व.२०६१/ ६२ मा त्यस्तो आय २१,३२२ अर्थात करीब ३०० सय अमेरिकी डलर पुगेको अनुमान छ ।

नेपालको सन्दर्भमा बिद्यमान न्यून आर्थिक बृद्धिदर , न्यून लगानी, न्यून आयस्तर, न्यून अत्यावश्यक उपभोगको स्तर आदि एक आपसका कारण र असरको रूपमा रही रहेकोले यी सबै चक्रहरूलाई सुचकको रूपमा परिणत गरी आर्थिक बृद्धिदरलाई उच्च बनाउनेतर्फ संरचनागत एंव नीतिगत सुधार गर्नु अझै पनि चुनौति कै रूपमा रहिरहेको छ । आन्तरिक द्धन्द्धका कारण भौतिक संरचना एवं बिकासका पूर्वाधारमा क्षति पुगेको, सरकारी क्षेत्रको बिकास खर्च बढन नसकेको, बिशेष गरी ग्रामीण क्षेत्रका बैक तथा वित्तिय संस्थाहरू बन्द हुने प्रबृति बढेको, अनिश्चित बन्द, नाकाबन्दी जस्ता थुप्रै प्रतिकूल समस्याहरूले गर्दा समग्रमा उत्पादकत्व, आपूर्ति, मूल्य, बचत परिचालन, कर्जा आदिमा प्रतिकुल अवस्था बिद्यमान छ । तसर्थ, बिश्व अर्थतन्त्र र खासगरी दुई छिमेकी देशहरूको उच्च र दिगो आर्थिक बृद्धिदरको फलस्वरूप ती देशहरूमा हुदै गएको विकासबाट लाभान्वित हुन आन्तरिक द्धन्द्ध समाधानका साथै , संरचनात्मक सुधारद्धारा आर्थिक विकासमा गतिल्याउन लचिलो, निजीक्षेत्र मैत्री र पारदर्शी नीति अवलम्बन गर्नु अत्यन्त आवश्यक भएको महशुस गरेको छु ।

२. निक्षेप

मुलुकको आर्थिक बृद्धिदर न्यून भएपनि गत आर्थिक बर्ष बाणिज्य बैक, विकास बैक, वित्तीय संस्था तथा सहकारीको निक्षेप परिचालन १३.१२ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैकको तथ्याङक अनुसार गत आर्थिक बर्षको अन्तसम्ममा २ खर्ब ५८ अर्ब ७४ करोड रूपैया निक्षेप परिचालन भएको छ र कुल निक्षेपमा बाणिज्य बैकहरूको ९० प्रतिशत र वित्तिय संस्थाहरूको ७.५ प्रतिशत रहेको छ । आर्थिक अबस्था सिथिल रहेपनि भारत बाहेक विदेशमा रहेका १४ लाख गैरआवासीय नेपालीहरूले पठाएको रेमिटेन्सका कारण यो बृद्धि सम्भव भएको हो । रेमिटेन्सबाट ठुलो परिमाणमा रकम आएपनि तरल राजनीति र अनिश्चित बजारका कारण लगानीको अवसर पर्याप्त नहुदा समग्र बैकिङग क्षेत्रमा तरलता बढेको हो । तरलतामा वृद्धि भै निक्षेपमा अनावश्यक व्याज खर्च हुने भएकोले हामीले निक्षेप संकलनमा सतर्कता अपनायौ । तथापी कर्जा मागमा बृद्धि भए अनुरूप आ.व.२०६१/ ६२ मा कम्पनीले निक्षेप संकलनमा गत आर्थिक बर्ष आ.व.२०६१/ ६२ को तुलनामा रू ८ करोड ८४ लाखले अर्थात १७.४८ प्रतिशतले वृद्धि भई रू ५९ करोड ४२ लाख पुगेको छ । सुरक्षित लगानीको अभाव तथा प्रतिकुल आर्थिक स्थितिलाई मध्यनजर गरी सावधानीपूर्वक लगानी गर्ने नीति लिए अनुरूप लगानीको अवसरसंग सामञ्जस्य हुने गरि आवश्यकता अनुसारको मात्र सन्तुलित निक्षेप परिचालन गर्ने नीति लिएको जानकारी गराउदछु ।

३. कर्जा प्रवाह

आ.व.२०६१/ ६२ को अन्तसममममा कम्पनीले प्रवाह गरेको कूल कर्जा तथा सापटी रू.५८ करोड ५३ लाख रहेको छ भने खुद कर्जा तथा सापटी रू. ५६ करोड १७ लाख रहेको छ । विगतका वर्षहरुमा झै यस आर्थिक वर्षमा पनि सुरक्षित लगानी बिना निक्षेपकर्ताको हित सुरक्षित हुन सक्तैन भन्ने बिश्वास राख्दै कम्पनीले कर्जा प्रवाहमा सतर्कता र उपयूक्तता कायम गर्दै पर्याप्त सुरक्षण, आवेदकको उद्योग व्यवसाय तथा वित्तीय स्थितिलाई विस्तृत अध्ययन विश्लेषण गरी कर्जा प्रवाह गर्ने नीतिलाई निरन्तरता दिएका छौ । यस आर्थिक बर्षमा कम्पनीले विभिन्न क्षेत्रहरूमा करिव रू. ६१ करोड ९९ लाख कर्जा प्रवाह गरेको छ भने रू ५० करोड १७ लाख कर्जा असुलि समेत भएको छ । अत आ.व.२०६१/ ६२ को अत्त सम्ममा कम्पनीको कुल कर्जामा गत आर्थिक वर्षको तुलनामा रू.११ करोड ८२ लाखले वृद्धि भएको छ ।

वित्तीय क्षेत्रमा विद्यमान तिव्र प्रतिस्पर्धा, आवास तथा उपभोग्य कर्जा क्षेत्रमा कम व्याज सहित वाणिज्य वैकहरूको प्रवेशले गर्दा वित्त कम्पनीहरूका केहि नियमित ग्राहकहरूले अनुकुल विकल्प खोजेता पनि यस्ता ग्राहकहरूलाई बिशिष्ट वित्तिय सेवाद्धारा कम्पनी मै कायम राख्न व्यवस्थापन सकिय छ । समयमा कर्जा चुक्ता नगर्ने प्रवृतीका कारण वढेको जोखिमले गर्दा नेपाल राष्ट्र वैंकको निर्देशन अनुरुप केहि खराव कर्जाहरूको कर्जा नोक्सानी ब्यवस्था गर्नु पर्दा यस आर्थिक वर्ष रू. २ करोड ३६ लाख कर्जा नोक्सानी व्यस्था गरीएको छ । जसमध्ये केहि कर्जाहरू असुल उपर भैसकेको र केहि हुने क्रममा रहेको छ । देशमा विद्यमान असहज परिस्थितिको बावजुद कर्जा मागमा उत्साहजनक नै रहेको छ र उद्यम, व्यवसाय नचलेर ऋण तिर्न असमर्थ ऋणीहरूको कर्जा भुक्तान क्षमतामा -हास आएपनि कम्पनीले कर्जा प्रवाह र असुलीमा गरेको कार्यसम्पादन उत्साहवर्द्धक नै रहेको जानकारी गराउदछु ।

४. लगानी

यस आर्थिक बर्ष कम्पनीले श्री ५ को सरकारको ऋण पत्र, बैक तथा वित्तीय संस्थामा मुद्दती निक्षेप र बिभिन्न कम्पनीहरूको शेयरमा जम्मा गरि रू. ८ करोड ३४ लाख खुद लगानी गरेको जानकारी गराउदछु । बैक तथा वित्तीय संस्थामा सम्बन्धि प्रचलित कानुनको व्यवस्था र नेपाल राष्ट्र बैकको निर्देशन अनुरूप बैक तथा वित्तीय संस्थाहरूको शेयरमा लगानी गर्न नपाईने र भएका शेयरहरू पनि आ.व.२०६१/ ६२ भित्रमा बिकि गरी सक्नु पर्ने प्रावधन रहे बमोजिम अधिकांस त्यस्ता शेयरहरू बिकी भैसकेको र लुम्बिनी फाईनान्स एण्ड लिजिङग कं.लि को ११० कित्ता मात्र बांकी रहेको र सो पनि अबिलम्ब बिकी गरिने जानकारी गराउदछु ।

५. विराटनगर शाखा

समग्र मुलुकको चिन्ताजनक आर्थिक स्थिति र सिमित आर्थिक कारोबारको परिधि भित्र रहेर वित्त कम्पनीले उपत्यका बाहिर शाखा खोलि कारोबार गर्नु निकै चुनौतीपूर्ण तथा जोखिमपूर्ण कार्य भएको छ। यसको बावजुद पनि कम्पनीको विराटनगर शाखाबाट कारोवार सुसंचालन भै रहेको छ। आ.व.२०६१/ ६२ को अन्त सम्ममा विराटनगर शाखा कार्यालयबाट रू.४ करोड ४१ लाख कर्जा प्रवाह भैसकेको छ भने निक्षेप रू. १ करोड ९९ लाख परिचालन भएको छ। यसैगरी उक्त शाखा कार्यालयबाट सरकारी ऋणपत्र खरिद विकी, शेयर आवेदन संकलन केन्द्र आदिको कार्यहरू निरन्तर रूपमा गरी रहेका छौ।

६. मुनाफा आर्जन

आ.व.२०६१/ ६२ को अवधिमा कम्पनीको कर अघिको मुनाफा रू १ करोड ८० लाख रहेको छ भने कर पछिको मुनाफा रू १ करोड २० लाख रहेको छ। गत आर्थिक वर्षको तुलनामा करिव रू.६४ लाख अर्थात ११३.१५ प्रतिशतले बृद्धि हुन आएको छ। यसरी खुद मुनाफामा बृद्धि हुनुको कारण मूलत राष्ट्र वैकको निर्देशन वमोजिम कम्पनीले गत वर्ष गैर वैकिङग सम्पत्ती को लागी रू.३७,४६,१०० को जोखिम व्यवस्था गरेकोमा केही सम्पत्ति बिकि भई यस आर्थिक बर्षमा सो जोखिम ब्यवस्था राख्न नपरेकोले मुनाफामा सकारात्मक प्रभाव परेको जानकारी गराउदछु।

चालु आर्थिक वर्षको उपलब्धि

चालु आ.व.२०६२/ ६३ को त्रैमासिक अवधिसम्म अर्थात २०६२ आश्विन मसान्त सम्ममा कम्पनीको निक्षेप रू.६४ करोड ८ लाख, कूल कर्जा रू.७७ करोड ५० लाख र लगानी रू ८ करोड ३९ लाख रहेको छ। सो अवधि सम्ममा कम्पनीको ब्यवस्था अघिको संचालन मुनाफा रू. ८८ लाख रहेको सहर्ष जानकारी गराउन चाहन्छु।

संचालक समितिमा हेरफेर

संचालक समितिमा संस्थापक शेयरधनिहरूको तर्फबाट म गजेन्द्रबहादुर श्रेष्ठ र श्री सोनाम लामाज्यूले प्रतिनिधित्व गरेका छौ र सोही समुहबाट प्रतिनिधित्व गर्नु हुने अन्य सदस्यज्यूहरूमा कमश श्री मुकुन्द भक्त श्रेष्ठज्यू, श्री बिनोद बहादुर श्रेष्ठज्यू, र श्री जय प्रकाश प्रधानज्यूले विभिन्न मितिमा आप-नो  घरायसी कारणले राजिनामा दिनु भई रिक्त हुन आएको संचालक समितिको सदस्यको पदमा संस्थापकबाट श्रीमती मीरा सिंह श्रेष्ठज्यू, मनोनित हुनु भएकोछ र २ जना संस्थापक समुहका संचालक पद हाल रित्त नै रहेकोमा सो पद आवश्यक प्रकिया पूरा गरी निकट भविष्यमा पदपूर्ति गरिनेछ।

सर्वसाधारण शेयरधनिहरूको तर्फबाट सातौ वार्षिक साधारण सभाले निर्वाचित गरेका संचालकज्यूहरू कमश श्री राजेन्द्र राम श्रेष्ठज्यू, श्री रोमी लाल श्रेष्ठज्यू र दिनेश श्रेष्ठज्यूले प्रतिनिधित्व गर्नु भएकोमा उहां हाल Development Credit Bank Ltd को संचालकमा नियूक्तका कारण राजिनामा दिनु भएकोले उहांको स्थानमा बांकी अवधिको लागि श्री कमल राज रूपाखेतीज्यू संचालकमा मनोनयन हुनु भएकोमा व्यहोरा जानकारी गराउदछु। साथै सर्वसाधारण शेयरधनीहरूको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्नुभएका उल्लेखित ३ संचालकज्यूहरूको पदावधी यही २०६२ / ९/ २७ का दिन समाप्त भएकोले मिति २०६२ / ९/ २७  देखि लागु हुने गरि सर्वसाधारण शेयरधनीहरू मध्येबाट ३ जनालाई यसै साधारण सभाबाट संचालक पदमा निर्वाचित गराई आगामि ४ वर्षको लागि सर्वसाधारणहरूको तर्फबाट प्रतिनिधित्व गराउने ब्यहोरा यहांहरू समक्ष जानकारी गराउदछु।

मुनाफा बांडफांड गर्न सिफारिस गरीएको प्रतिशत

मुनाफाको बांडफांड

यस आ.व.२०६१/ ६२ मा कम्पनीले आर्जन गरेको खुद मुनाफाबाट साधारण जगेडा कोष वापत रू. २३,९६,१७१ खुद अर्थात मुनाफाको २० प्रतिशत र अन्य जगेडा कोषमा रू. २० लाखको ब्यवस्था गरी बांकी रकम देहाय बमोजिमले शेयरधनी महानुभावहरूलाई लाभांश वितरणका लागि छुटयाईएको छ।

वोनस शेयर तथा नगद लाभांश

नेपाल राष्ट्र बैकले तोके अनुसारको पूंजी बृद्धि गरि ईजाजत लिनु पर्ने व्यवस्था भएको हुदा यस वर्षको लाभांसलाई कम्पनीको चुक्ता पूंजीको आधार वृद्धि गर्ने प्रयोजनको लागी प्रयोग गर्ने संचालक समितिले लिएको छ। लाभांशको लागी छुटयाईएको रकम रू. ७८,१५,७८९ लाई यस वर्ष १० प्रतिशतका दरले प्रति १० शेयर वरावर १ शेयरका दरले अर्थात रू. ४९,५०,००० वोनस शेयर जारी गर्ने र नगद ५ प्रतिशतका दरले रू.२४,७५,००० नगद लाभांशको रुपमा शेयरधनी महानुभावहरूलाई वितरण गरिनेछ र उक्त बोनस शेयर तथा नगद लाभांस वापत नियमानुसार कर वापत रू.३,९०,७८९ शेयरधनीहरूको तर्फबाट कम्पनीले ब्यहोर्ने छ। संचालक समितिको सो निर्णय यस सम्मानित सभाद्धारा अनुमोदनका लागी निवेदन गर्दछु।

वार्षिक प्रतिवेदन स्वीकृत सम्बन्धमा

कम्पनीले नेपाल राष्ट्र वैक समक्ष आ.व.२०६१/ ६२ को वार्षिक प्रतिवेदन स्वीकृतिको लागी पेश गरेकोमा राष्ट्र वैकको मिति २०६२/ ०६/ २० को पत्र वमोजिम निर्देशन सहित सर्शत स्विकृत प्राप्त भएको सो निर्देशनको परिपालना गर्न कम्पनी प्रतिबद्ध रही पालना गर्दै आगामि दिनमा अगाडि बढने ब्यहोरा जानकारी गराउन चाहन्छु।

लेखापरिक्षक

आ.व.२०६१/ ६२ का लागि नियूक्त हुनु भएका कम्पनीका लेखा परिक्षक श्री नेमलाल अमात्यज्यू आगामि वर्षको लागि पनि पूनर्नियूक्ति हुन योग्य रहनु भएको व्यहोरा गराउदछु।

कृतज्ञता ज्ञापन

अन्त्यमा यस संस्थाको उत्तरोत्तर प्रगति तथा सम्बृद्धिका लागि सहभागी तथा सहयोगी शेयरधनी महानूभावहरू, शूभेच्छूक ग्राहकवर्गहरू, श्री ५ को सरकारका सम्बन्धित निकायहरू, नेपाल राष्ट्र बैंक, वाणिज्य बैंकहरू तथा कम्पनीका दक्ष र कर्मठ कर्मचारीहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

गजेन्द्रबहादुर श्रेष्ठ

अक्ष्यक्ष

संचालक समिति

मिति : २०६२ / ८ / ७

# नेपाल हाउसिड. एण्ड मर्चेन्ट फाईनान्स कम्पनी लिमिटेड

२०६२ साल आषाढ ३२ गतेको

## वासलात

| पुंजी तथा दायित्व | अनुसुची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १ शेयर पुंजी | १ | ४९,५००,००० | ४५,०००,००० |
| २ जगेडा तथा कोषहरु | २ | २६,७३४,५१५ | २२,११९,४५० |
| ३ सापटी | ३ | १६,७२४,८०३ | २९,३११,७१५ |
| ४ निक्षेप हिसाव | ४ | ५९४,२०३,६०० | ५०५,७२६,०३६ |
| ५ अन्य दायित्व तथा व्यवस्था | ५ | ३२,२४९,४१७ | १९,१९९,७६७ |
| कूल पुंजी तथा दायित्व | | ७१९,४१२,३३५ | ६२१,३९६,९६८ |
| सम्पत्ति | अनुसुची | यस वर्ष | गत बर्ष रु. |
| १.नगद मौज्दात | | १,८६९,४८९ | १,४१५,२३१ |
| २.बैंक मौज्दात | ६ | २१,७२८,७२३ | २६,४४१,४४७ |
| ३.लगानी | ७ | ८३,३७६,०४४ | ८९,४८४,७५७ |
| ४.कर्जा तथा सापटी | ८ | ५६१,६९२,५३९ | ४४६,५२०,८४१ |
| ५.स्थिर सम्पत्ति | ९ | ३२,१०३,४३४ | ३२,७३४,३७२ |
| ६.अन्य सम्पत्ति | १० | १८,६४२,१०६ | २४,८००,३२० |
| कुल सम्पत्ति | | ७१९,४१२,३३५ | ६२१,३९६,९६८ |

## नाफा / नोक्सान हिसाब

| आम्दानी | अनुसुची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १ व्याज आम्दार्नी | १२ | ६८,५९३२५९, | ६२,३८०,४४१ |
| २ कमिसन तथा डिस्काउण्ट | १३ | | |
| ३ गैर सञ्चालन खर्च | १४ | ८४८,१६३ | ६००,४६७ |
| ४ अन्य आम्दानी | १५ | ७,५६७,३९० | ३,३९६,२१५ |
| ५ खूद नोक्सान | | | |
| जम्मा | | ७७,००८,८१२ | ६६,३७७,१२३ |
| खर्च | | यस वर्ष | गत बर्ष रू। |
| १ व्याज खर्च | १६ | ४०,७७१,९५७ | ३८,५६८,३१० |
| २ कर्मचारी खर्च | १७ | ६,४९०,६३३ | ४,८७०,६६९ |
| ३ कार्यलय खर्च | १८ | ६,२९८,२३० | ६,१७०,८११ |
| ४ गैर संचालन खर्च | १९ | ४८१,४८४ | |
| ५ असुल हुन नसक्ने कर्जाको हपलेखन | | | |
| ६ लगानीमा सम्भावित हानी व्यवस्था | | | २६४,०२० |
| ७ लगानी समायोजन कोस | | | |
| ८ गैर वैकिड. सम्पति व्यवस्था | | | ३,७४६,१०० |
| ९ कर्जा नोक्सानी व्यवस्था | | २,९९४,१४० | |
| १० अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | | | |
| ११ कर्मचारी बोनस व्यवस्था | | १,९६८,५५६ | ९२६,१३६ |
| १२ आयकर व्यवस्था | | ६,०२२,९५८ | २,७१२,०५८ |
| गत आ. व. को थप आयकर | | | १३१,३७७ |
| १३ खूद नाफा | | ११,९८०,८५४ | ५,६२०,९४२ |
| जम्मा | | ७७,००८,८१२ | ६६,३७७,१२३ |

## नाफा/नोक्सान बांडफाड हिसाब

| आम्दानी | यस वर्ष | गत वर्ष |
|---|---|---|
| १.गत वर्षसम्मको संचित नाफा | २,३६,२६४ | २,६०४,३५३ |
| २ यस वर्षको खुद नाफा | ११,९८०,८५४ | ५,६२०,९४२ |
| जम्मा | १४,३४५,११८ | ८,२२५,२९५ |
| विवरण | यस बर्ष रू। | गत बर्ष रू. |
| गत वर्षसम्मको नोक्सान | | |
| यस बर्षको खुद नोक्सान | | |
| साधारण जगेडाकोष | २,३९६,१७१ | १,१२४,१८८ |
| लाभांश ससिकरण कोष | | |
| प्रस्तावित लाभांश | | ४,५००,००० |
| ५.१ प्रस्तावित लाभांश | ४,९५०,००० | |
| ५.२ प्रस्तावित लाभांश | २६०,५२६ | २३६,८४२ |
| वोनस शेयरको लागी आयकर | | |
| प्रस्तावित लाभांश आयकर | २,६०५,२६३ | |
| अन्य जगेडा | २,०००,००० | |
| संचित जाफा | २,१३३,१५८ | २,३६४,२६४ |
| जम्मा | १४,३४५,११८ | ८,२२५,२९५ |

# नगद प्रवाह विवरण

आर्थिक बर्ष २०६१-२०६२

| | बिवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| क | सञ्चालन गतिविधिवाट नगद प्रवाह | | |
| | आयकर व्यवस्था अगाडिको नाफा | १८,००३,८१२।०० | १८,००३,८१२।०० |
| | जोडनेः | | |
| | १ स्थिर सम्पत्ति बिक्रीमा नोक्सान | | |
| | २ शेयर तथा डिवेन्चर लगानी। बिक्रीमा नोक्सान | ४८१,४८४ । ०० | ४८१,४८४ । ०० |
| | ३ असुली हून नसक्ने कर्जाको अपलेखन | | |
| | ४.पुर्व सञ्चालन तथा अन्य अपलेखन खर्च | ४६४,३८८ । ०० | ४६४,३८८ । ०० |
| | ५.लगानीमा सम्भावित हानी वापत व्यवस्था | | |
| | ६.कर्जा नोक्सानी व्यवस्था | २,९९४,१४० । ०० | २,९९४,१४० । ०० |
| | ७.अतिरित्त कर्जा नोक्सानी व्यवस्था | | |
| | ८.लगानी समायोजन कोष | | |
| | ९.कर्जा सापटीमा ब्याज | ४८४,९२० । ०० | ४८४,९२० । ०० |
| | १०.ह्रास कटटी | ११,५६३,२९२ । ०० | ११,५६३,२९२ । ०० |
| | घटाउनेः | | |
| | १.लाभांश आम्दानी | ( ३४,१४४ । ०० ) | ( ३४,१४४ । ०० ) |
| | २.डिबेञ्चर लगानीमा ब्याज | | |
| | ३.स्थिर सम्पत्ति बिक्रीमा नाफा | ( २११,९३१ । ०० ) | ( २११,९३१ । ०० ) |
| | ४.शेयर तथा डिबेञ्चर बिक्रीमा नाफा | | |
| | ५.लगानीमा सम्भावित हानी वापत व्यवस्थामा कमी | ( ७६२,९०० । ०० ) | ( ७६२,९०० । ०० ) |
| | ६.अतिरित्त कर्जा नोक्सानी व्यवस्थामा कमी | | |
| | ७.कर्जा नोक्सानी व्यवस्थामा कमी | ( १,४१६,७७३ । ०० ) | ( १,४१६,७७३ । ०० ) |
| | ८.गैर बैकिङ.ग सम्पत्ति बिक्रीबाट नाफा | ( ६०२,०८८ । ०० ) | ( ६०२,०८८ । ०० ) |
| | कार्यसिल पुंजीमा भएको परिवर्तनः | | |
| | १.निक्षेप हिसावमा वृद्धि (कमी) | ८८,४३७,५६४ । ०० | ८८,४३७,५६४ । ०० |
| | २.अन्य दायीत्वमा वृद्धि (कमी) | ६,७९२,१४३ । ०० | ६,७९२,१४३ । ०० |
| | ३.कर्जा सापटिमा कमी (वृद्धि) | (११९,११७,२८६ । ००) | (११९,११७,२८६ । ००) |
| | ४.अन्य सम्पत्तिमा कमी (वृद्धि) | (३९८,३५९ । ००) | (३९८,३५९ । ००) |
| | आयर भूक्तानी अगाडि संचालनबाट नगद प्रवाह | (३,३२१,७३८ । ००) | (३,३२१,७३८ । ००) |
| | यस आ.व. मा आयकर भूत्तानी | (२,०९८,१४९ । ००) | (२,०९८,१४९ । ००) |
| | घटाउनेः | | |
| | यस आ. व. मा आयकर भूत्तानी /फिर्ता | (३००७९५६।३०) | (३००७९५६।३०) |
| | कूल सञ्चालन गतिविधिवाद नगद प्रवाह | ३०,४८१,६५९।४८ | ३०,४८१,६५९।४८ |
| ख | लगानी गतिविधिको नगद प्रवाह | | |
| | १.शेयर तथा डिवेञ्चर लगानी बिक्री (खरीद) | १,४६४,१४६ । ०० | १,४६४,१४६ । ०० |
| | २.स्थिर सम्पत्ति बिक्री (खरीद) | (७,२०,४२३ । ००) | (७,२०,४२३ । ००) |
| | ३.लगानमा वृद्धि (कमी) | १३,८१०,१२७।०० | १३,८१०,१२७।०० |
| | कूल लगानी गतिविधिवाट नगद प्रवाह | १४,५५३,८५० । ०० | १४,५५३,८५० । ०० |
| ग | वित्तीय गतिविधिवाट नगद प्रवाह | | |
| | १.चूत्ता शेयर पुंजीमा भएको वृद्धि वोनस शेयर वाहेक | | |
| | २.शेयर प्रिमियम | | |
| | ३.लाभांस भूत्तानी | (३२०,५९७ । ००) | (३२०,५९७ । ००) |
| | ४.सापटीमा वृद्धि (कमी) | ७,०००,००० । ०० | ७,०००,००० । ०० |
| | ५.कर्जा तथा सापटीमा ब्याज भूत्तानी | (४८४,९२० । ०) | (४८४,९२० । ०) |
| | कुल वित्तीय गतिविधिवाट नगद प्रवाह | ६,१९४,४८३ । ०० | ६,१९४,४८३ । ०० |
| | कुल गतिविधिवाट नगद प्रवाह (क+ख+ग)जोडनेः | १५,३२८,४४६ । ०० | १५,३२८,४४६ । ०० |
| | गत वर्षको बैंक तथा नगद मौज्दात | (१,४५५,०३७ । ००) | (१,४५५,०३७ । ००) |
| | कूल नगद तथा बैंक मौज्दात | १३,८७३,४०९ । ०० | १३,८७३,४०९ । ०० |
| | नगद तथा नगद मौज्दातमा देहाय समावेस छ | | |
| | नगद मौज्दात | १,८६९,४८९ । ०० | १,८६९,४८९ । ०० |
| | बैक मौज्दात | २१,७२८,७२३ । ०० | २१,७२८,७२३ । ०० |
| | बैक ओभरड्राफट् | (९,७२४,८०३ । ००) | (९,७२४,८०३ । ००) |
| | | १३,८७३,४०९ । ०० | १३,८७३,४०९ । ०० |

# शेयर पुँजी विवरण

| यस वर्ष रु. | बिवरण | गत वर्ष रु. |
|---|---|---|
| | अधिकृत पुंजी | |
| ६०,०००,००० । ०० | ६,००,००० लाख साधारण शेयर प्रति शेयर रु. १०० ले | ६०,०००,००० । ०० |
| ६०,०००,००० । ०० | नन्‌रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु.......ले | ६०,०००,००० । ०० |
| | जारी पुंजी | |
| ४९,५००,००० । ०० | ४,९५,००० लाख साधारण शेयर प्रति शेयर रु. १०० ले | ४५,०००,००० । ०० |
| ४९,५००,००० । ०० | नन्‌रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु.......ले | ४५,०००,००० । ०० |
| | माग गरेको पुंजी | |
| ४९,५००,००० । ०० | ४,९५,००० साधारण शेयर प्रति शेयर रु. १०० ले | ४५,०००,००० । ०० |
| ४९,५००,००० । ०० | नन्‌रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु.......ले | ४५,०००,००० । ०० |
| | माग गरेको तर भुक्तानी नगरेको पुंजी | |
| | साधारण शेयर | |
| | नन्‌रिडिमेवल प्रिफरेन्स शेयर | |
| ४९,५००,००० । ०० | चूक्ता पुंजी (३ - ४) | ४५,०००,००० । ०० |
| | | |

नोटः चूक्ता पूंजीमा पुर्ण भूक्तानी प्राप्तीको रुपमा आ.व. २०६०।६१ मा वितरण गरेको ४५,००० कित्ताको रु. ४,५००,००० वोनस शेयर समावेश छ ।

# जगेडा तथा कोषहरु

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| १५,८१०,९१६ । ०० | १. | साधारण जगेडा कोष | १३,४१४,७४५ । ०० |
| | २. | शेयर प्रिमियम | |
| | ३. | पुंजीगत जगेडा | |
| | ४. | संम्पत्ति पुर्नमूल्यांकन कोष | |
| | ५. | लाभांस समीकरण कोष | |
| ४,९५०,००० । ०० | ६. | प्रस्तावित बोनस शेयर | ४,५००,००० । ०० |
| २,१३३,१५८ । ०० | ७. | सञ्चित नाफा नोक्सान | २,३६४,२६४ । ०० |
| | ८. | अन्य जगेडा | |
| २,०००,००० । ०० | ८.१ | अन्य | |
| १,८४०,४४१ । ०० | ८.२ | कर समायोजन कोष | १,८४०,४४१ । ०० |
| २६,७३४,५१५ । ०० | | जम्मा | २२,११९,४५० । ०० |

# निक्षेप हिसाव

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| ४३५,१९८,०३६ । ०० | १ | मूद्दति निक्षेप | ३७९,४७३,९३९ । ०० |
| १३४,२८७,४२८ । ०० | २. | वचत निक्षेप | ९९,९३९,८४४ । ०० |
| २४,७१८,१३६ । ०० | ३ | कमिक निक्षेप | २६,३५२,२५३ । ०० |
| | ४. | सञ्चयकोष निक्षेप | |
| | ५. | अन्य | |
| ५९४,२०३,६०० । ०० | | जम्मा | ५०५,७६६,०३६ । ०० |

# अन्य दायित्व तथा व्यवस्थाहरु

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| ६४०,६५१ । ०० | १. | भूक्तानी दिन बांकी लाभांश | ७२४,४०६ । ०० |
| | २. | भूक्तानी दिन बांकी बोनस | |
| ८,३५८,१४० । ०० | ३ | निक्षेपमा भूक्तानी दिन बांकी ब्याज | ७,६८६,५३० । ०० |
| | ४. | सापटीमा भूक्तानी दिन बांकी ब्याज | |
| | ५. | पाकी नसकेको कमिशन र डिस्काउण्ट | |
| ६०,००० । ०० | ६. | लेखापरीक्षण शूल्क | ६०,००० । ०० |
| १,१८४,३४४ । ०० | ७. | उपदान कोष | ५९२,००० । ०० |
| | ८. | कर्मचारी सञ्चय कोष | |
| २,८६५,७८९ । ०० | ९. | लाभांश व्यवस्था | २३६,८४२ । ०० |
| १,९६८,५५६ । ०० | १०. | कर्मचारी वोनस व्यवस्था | ९२६,१३६ । ०० |
| ६,४२४,३७३ । ०० | ११. | आयकर व्यवस्था (खूद) | २,७१२,०५८ । ०० |
| | १२. | शाखा हिसाब | |
| ६,४३४,१५३ । ०० | १३. | ब्याज मूल्तवी हिसाब | ४,०११,७०२ । ०० |
| ३,७४७,६१२ । ०० | १४. | सण्ड्री क्रेडिटर्स | १,६९३,७५५ । ०० |
| ५६५,७९९ । ०० | १५. | अन्य | ५५६,३३८ । ०० |
| ३२,२४९,४१७ । ०० | | | १९,१९९,७६७ । ०० |

# बैंक मौज्दात

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| ६,२३८,७४८ । ०० | १. | नेपाल राष्ट्र बैंक | ७,८६५,३३१ । ०० |
| १५,१७४,८०८ । ०० | २. | वाणिज्य बैंक | १८,३९१,०१३ । ०० |
| ३१५,१६७ । ०० | ३ | विकास बैंक | १८५,१०३ । ०० |
| | ४. | वित्त कम्पनी | |
| | ५. | अन्य वित्तीय सस्था | |
| २१,७२८,७२३ । ०० | | जम्मा | २६,४४१,४४७ । ०० |

# लगानी

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| २७,५००,००० । ०० | १. | श्री ५ को सरकारको ऋणपत्र | २७,५००,००० । ०० |
| | २. | नेपाल राष्ट्र बैंक ऋणपत्र | |
| २,९९३,६०० । ०० | ३ | सुचीकृत शेयर, डिवेन्चर तथा बण्ड | ४,९३९,२३० । ०० |
| २७,००० । ०० | ४. | सुचीकृत नभएको शेयर तथा डिवेन्चरमा लगानी | २७,००० । ०० |
| ५४,०५०,००० । ०० | ५. | बैंक तथा वित्तीय संस्थामा रहेको मूद्धति निक्षेप | ५९,५५०,००० । ०० |
| ८०१,५४४ । ०० | ६. | अन्य लगानी | २२७,५२७ । ०० |
| ८५,३७२,१४४ । ०० | | जम्मा | ९२,२४३,७५७ । ०० |
| १,९९६,१०० । ०० | ७. | लगानीमा सम्भावित हानी वापत व्यवस्था | २,७५९,००० । ०० |
| | ८. | लगानी समायोजन कोष | |
| ८३,३७६,०४४ । ०० | | खूद लगानी | ८९,४८४,७५७ । ०० |

# कर्जा तथा सापटको विवरण

| यस वर्ष रु. | | | बिवरण | गत वर्ष रु. |
|---|---|---|---|---|
| ५४,६३५,७६५ | १. | | हायर पर्चेज | ३९,७३३,४२५ |
| ५४,६३५,७६५ | | | सवारी साधन | ३९,७३३,४२५ |
| | | | मेशिन, औजार तथा उपकरण | |
| | | | घरायसी टिकाउ सामान तथा अन्य चल सम्पत्ति | |
| २२१,९५३,१९८ | २. | क) | आवास कर्जा | १५२,४५३,१५५ |
| २२१,९५३,१९८ | | ख) | व्यीत्तगत जग्गा खरिद तथा गोदाम निर्माण (आवास निर्माण) | १५२,४५३,१५५ |
| | | ग) | संस्थागत जग्गा खरिद तथा धर निर्माण | |
| | | | संस्थागत गोदाम निर्माण (जग्गा खरिद तथा बिक्री) | |
| २३९,९२४,६६३ | ३ | | आवाधिक कर्जा | २१८,७९४,५३० |
| १,५६४,३५१ | | क) | कृषि तथा कृषि जन्य व्यवसाय | १,८१७,१०४ |
| २९,३६८,८८८ | | ख) | उद्योग | ३७,५०२,४८७ |
| १४८,४८९,७६३ | | ग) | व्यापार | ७५,०७६,२८५ |
| २९,७८१,७१९ | | घ) | शिक्षा | ३०,३४५,०९९ |
| ८,३६३,४२८ | | ङ) | स्वास्थ | १६,०६९,८७१ |
| १३,१७७,४८५ | | च) | पर्यटन | १२,०३१,४९५ |
| | | छ) | जलश्रोत | |
| ९,१७९,०२९ | | ज) | अन्य | ४५,९५२,१८९ |
| | ४. | | पटटा (Leasing) कर्जा तथा सुविधा | |
| | | क) | सवारी साधन | |
| | | ख) | औजार तथा उपकरण | |
| | | ग) | घरायसी टिकाउ सामान तथा अन्य सम्पत्ति | |
| | ५. | | कोषमा आधारित मर्चेण्ट बैंकिङ. कारोवार | |
| | | क) | Bridge Finance | |
| | | ख) | Venture Capital | |
| | | ग) | अन्य मर्चेण्ट बैंकिङ. कारोबारहरु | |
| ६८,७५५,८५३ | ६. | | मुद्धती रसीद धितो कर्जा | ५६,१२२,५३१ |
| | ७. | | अन्तर वित्त कम्पनी कर्जा | |
| | ८. | | सरकारी ऋणपत्र तथा नेपाल राष्ट्र बैंकको ऋणपत्रको धितोमा कर्जा | |
| | ९. | | शेयर तथा डिवेन्चर धितोमा कर्जा | |
| ५८५,२६९,४७९ | १०. | | कूल कर्जा | ४६७,१०३,६४१ |
| २३,५७६,९४० | ११. | | कर्जा नोक्सानी व्यवस्था | २०,५८२,८०० |
| | १२. | | अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | |
| ५६१,६९२,५३९ | | | खुद कर्जा तथा सापट (१०-११-१२) | ४४६,५२०,८४१ |

# स्थिर सम्पत्ति

| गत वर्ष रु. | बिवरण | सम्पत्ति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | भवन | परिवहन साधन | कम्प्युटर तथा उपकरण | कार्यालय सामान | अन्य कार्यालय सामान | यस वर्ष |
| | | ५ प्रतिशत | २० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत |
| | १ परल मोल | | | | | | |
| २६,१७५,३६९ | क) गत वर्षको मौज्दात | १८,८५६,८६३ | ९६३,३६० | ३,३९३,८५३ | १,५७६,६२० | १,५४३,२०६ | २६,३३३,९०२ |
| १५८,५३३ | ख) यस वर्षको थप | | १,१२२,४०० | १६५,१७३ | ५२,१५० | १५,७०० | १,३५५,४२३ |
| | ग) यस वर्ष मुल्यांकन | | | | | | |
| | घ) यस वर्षको बिक्री | | ९२५,५५० | | | | |
| | ङ) यस वर्षको अपलेखन | | | | | | |
| २६,३३३,९०२ | परल मोल कूल | १८,८५६,८६३ | १,१६०,२१० | ३,५५९,०२६ | १,६२८,७७० | १,५५८,९०६ | २६,७६३,७७५ |
| | २) ह्रास कट्टी | | | | | | |
| ६,७३८,१९७ | क) गत वर्षसम्मको | ३,१३९,२१५ | ५०२,१३८ | २,४६३,९५३ | १,०३६,८१३ | १,१५१,११२ | ८,२९३,२३१ |
| | ख) बिक्री/अपलेखन | | ५०२,४८१ | | | | ५०२,४८१ |
| १,५५५,०३४ | ग) यस वर्षको | ७८५,८८२ | २५६,२८६ | २७१,८२७ | १४७,६१५ | १०१,६८२ | १,५६३,२९२ |
| ८,२९३,२३१ | कूल ह्रास कट्टी | ३,९२५,०९७ | २५५,९४३ | २,७३५,७८० | १,१८४,४२८ | १,२५२,७९४ | ९,३५४,०४२ |
| १८,०४०,६७१ | ३) बूक भ्यालु (WDV) | १४,९३१,७६६ | ९०४,२६७ | ८२३,२४६ | ४४४,३४२ | ३०६,११२ | १७,४०९,७३३ |
| | ४) पूंजीगत निर्माण | | | | | | |
| १४,६९३,७०१ | ५) जमिन | | | | | | १४,६९३,७०१ |
| | ६) ख्याति (Goodwill) | | | | | | |
| | ७) अन्य स्थिर सम्पत्तिशखूद सम्पत्ति | | | | | | |
| ३२,७३४,३७२ | खूद सम्पत्ति | | | | | | ३२,१०३,४३४ |

## अन्य सम्पत्ति

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| | १. मसलन्द मौज्दात | | |
| ५६९,८६३ | २. लगानीमा असुल गर्न बाँकी आम्दानी | | ८०५,९२६ |
| १०,१५२,०५५ | ३ कर्जामा पाउनूपर्ने बाँकी ब्याज | | १०,७५१,७७३ |
| | ४. असुल गर्न बाँकी कमीशन | | |
| | ५. सण्ड्री डेटर्स | | |
| | ६. कर्मचारी सापटी र पेश्की | | |
| | ७. अग्रिम भुक्तानी | | |
| | ८. मार्गस्थ नगद (चेक समेत) | | |
| १,७५९,६३२ | ९. गैर बैकिङ्ग सम्पत्ति | | ७,४९३,३२४ |
| | ९.१ गैर बैकिङ्ग सम्पत्ति | ४,०८८,९५९ | ११,२३९,४२४ |
| | न्यून. व्यबस्था | २,३२९,३२७ | ३,७४६,१०० |
| १,२८८,३२२ | १०. धरौटी | | १,२८८,३२२ |
| १९५,५१५ | ११. अपलेखन हून बांकी खर्च | | ६५९,९०३ |
| | १२. शाखा हिसाव | | |
| २,८४९,९०१ | १३. अग्रिम आयकर | | ३,०६२,३९४ |
| | १४. सिक्का मौजाद | | |
| १,८२६,८१८ | १५. अन्य | | ७३८,६७८ |
| १८,६४२,१०६ | जम्मा | | २४,८००,३२० |

## सम्भावित दायित्वहरु

| यस वर्ष रु. | बिवरण | गत वर्ष रु. |
|---|---|---|
| | १. कम्पनी उपर दावी परेको तर स्वीकार नगरेको | |
| | २. प्रत्याभुतिसम्बन्धी प्रतिबद्धताहरु (UnderwritingCommitment) | |
| ५,१६५,००० | ३ वित्तीय तथा अन्य जमानत | ४,४१९,०७४ |
| १,११८,००० | ४. आंशिक भुक्तानी भएका शेयर तथा डिवेन्चरवापतको दायित्व | १,११८,००० |
| | ५. कार्यान्वयन हून बांकी रहेका पट्टाकरार | |
| | ६. अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | |
| | ७. अन्य | |
| ६,२८३,००० | जम्मा | ५,५३७,०७४ |

## ब्याज आम्दानी

| यस वर्ष रु. | बिवरण | गत वर्ष रु. |
|---|---|---|
| ६२,१८९,८०२ | १ कर्जा तथा सापट | ५४,५४८,३६६ |
| ६,४०३,४५७ | २ लगानी | ७,८३२,०७५ |
| | ३ अन्य | |
| ६८,५९३,२५९ | जम्मा | ६२,३८०,४४१ |

## गैर सञ्चालन आम्दानी

| यस वर्ष रु. | बिवरण | गत वर्ष रु. |
|---|---|---|
| | लगानी बिक्रीमा आम्दानी | |
| २११,९३१ | सम्पत्ति बिक्रीमा आम्दानी (स्थीर सम्पत्ति) | |
| ६०२,०८८ | सम्पत्ति बिक्रीमा आम्दानी (गैर बैकिड. सम्पत्ति) | ५६९,७९७ |
| | लाभांश | |
| | स्टृयान्र्डड चार्टर्ड वैंक लि. ले आ.वा. २०५९।६० को लाभांश | ७,०७२ |
| | नविल वैंक लि. ले आ.वा. २०५८।५९ को लाभांश | ३,३६३ |
| | नविल वैंक लि. ले आ.वा. २०५९।६० को लाभांश | २०,२३५ |
| २६,३०६ | नविल वैंक लि. ले आ.वा. २०६०।६१ को लाभांश | |
| ७,८३८ | स्टृयान्र्डड चार्टर्ड वैंक लि. ले आ.वा. २०६०।६१ को लाभांश | |
| ८४८,१६३ | जम्मा | ६००,४६७ |

## अन्य आम्दानी

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| ३,३८७,८३५ | १. | सेवा शुल्क | १,८४९,१३६ |
| | २. | नविकरण शुल्क | |
| | ३. | विलम्व शुल्क | |
| ४७४,३९८ | ४. | मर्चेण्ट बैंकिङ कारोबार | २८८,२३३ |
| ७६२,९०० | ५. | लगानीमा सम्भावित हानीबापत व्यवस्था | |
| | ६. | लागानी समायोजन कोष | |
| | ७. | कर्जा नाक्सानी व्यवस्था | |
| | ८. | अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | |
| १,४१६,७७३ | ९. | गैर बैंकिङ सम्पति व्यवस्था | |
| १,५२५,४८४ | | अन्य | १,२५८,८४६ |
| ७,५६७,३९० | | जम्मा | ३,३९६,२१५ |

## ब्याज खर्च

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| | क | निक्षेप दायित्वमा | |
| ३३,०७२,७३५ | १ | मूद्दती निक्षेप | ३१,६३१,६०८ |
| ५,३८९,१९२ | २ | बचत निक्षेप | ४,५४८,८०१ |
| १,८२५,११० | ३ | क्रमिक निक्षेप | १,९१७,६०५ |
| | ४ | रकम गुणक निक्षेप | |
| | ५ | अन्य | |
| | ख) | कर्जा सापटीमा | |
| | १ | नेपाल राष्ट्र बैंक | |
| ४०८,७२८ | २ | वाणिज्य बैंक | ४७०,२९६ |
| ७६,१९२ | ३ | वित्त कम्पनी | |
| | ४ | विकास बैंक | |
| | ५ | अन्य वित्तीय संस्थाहरु | |
| | ६ | अन्य | |
| ४०,७७१,९५७ | | जम्मा | ३८,५६८,३१० |

## कर्मचारी खर्च

| यस वर्ष रु. | बिवरण | | गत वर्ष रु. |
|---|---|---|---|
| ३,००७,८३३ | १ | तलव | २,५०३,२६१ |
| १,३०२,२१४ | २ | भत्ता | १,३५८,६०७ |
| २८१,८७३ | ३ | सञ्चयकोषमा थप | २२५,३३२ |
| ३०,८३५ | ४ | तालीम खर्च | ४४,५०० |
| ४९,३०० | ५ | पोशाक | १९,८८९ |
| ३१०,२१६ | ६ | औषधोपचार | २७४,५०१ |
| | ७ | बीमा | |
| ३५२,९०० | ८ | दशैं खर्च | २९०,७०१ |
| २९५,७१८ | ९ | बिदावापतको तलव | |
| ५९२,३४४ | १० | उपदान | १५३,८७८ |
| २६७,४०० | ११ | अन्य | |
| ६,४९०,६३३ | | जम्मा | ४,८७०,६६९ |

# कार्यालय सञ्चालन खर्च

| यस वर्ष रु. | बिवरण | गत वर्ष रु. |
|---|---|---|
| २२२,४६५ | १. घर भाडा | २५१,९०९ |
| २२८,६८३ | २. बती बिजुली र पानी | २१९,५८५ |
| | ३. मर्मत तथा संभार | |
| ५,९५२ | क) भवन | २०५,२३८ |
| ४४,४०४ | ख) सवारी साधन | ४१,५५६ |
| १०५,०५५ | ग) कार्यालय उपकरण | ८२,०२५ |
| | घ) अन्य | |
| २६५,१२३ | ४. बीमा | २७१,१७० |
| २००,२३४ | ५. पोष्टेज, टेलेक्स, टेलीफोन, फ्याक्स | १८५,९०३ |
| १५४,९७२ | ६. मसलन्द र छपाई | ९६,१०२ |
| १२,६४० | ७. पत्रपत्रिका तथा पूस्तक | २३,३३० |
| ३६८,५५० | ८. विज्ञाँपन तथाँ प्रवद्धन | ४५८,७९९ |
| २४,००० | ९. कानुनी खर्च | ७२,००० |
| १२,७५१ | १०. चन्दा सहयोग | ८,३०० |
| | ११. संचालक समिति संम्बन्धी खर्च | |
| १९६,००० | क) वैठक भत्ता | १९०,००० |
| २४,४२७ | ख) अन्य खर्च | १३,६३१ |
| ३०२,२९२ | १२. साधारण सभासम्बन्धी खर्च तथा वार्षिक उत्सव खर्च | २०७,८०८ |
| | १३. लेखा परीक्षण सम्वन्धी | |
| ६०,००० | क) आन्तरिक लेखापरीक्षण शूल्क | ६०,००० |
| १३३,८०० | ख) अन्य खर्च | १३२,००० |
| २,०१० | १४. कमीशन (बैंक कमीशन) | ३,४२७ |
| ३०० | १५. स्थिर सम्पत्तिमा ह्रास कट्टी | ८०० |
| १,५६३,२९२ | १६. पुर्वसञ्चालन खर्च | १,५५५,०३४ |
| | १७. शेयर निष्कासन खर्च अपलेखन | |
| ४०,३३८ | १८. अन्य अपलेखन खर्च | ४०,३३८ |
| ४२४,०५० | १९. मनोरंजन खर्च | ४२४,०५० |
| | २०. प्राविधिक सेवा खर्च | २२३,२०० |
| ४६६,१६० | २१. सुरक्षा खर्च | २७३,३१४ |
| २०२,१६० | २२. डिस्काउण्ट | |
| | २३. जरिवाना | |
| | २४. अफिस खर्च | |
| १००,०९१ | २५. सदस्यता शूल्क | १००,५८५ |
| | २६. सेवा शूल्क | |
| १२०,४९० | २७. भ्रमण भत्ता खर्च | ६९,८३३ |
| २९०,९०८ | २८. इन्धन | ३३५,६१९ |
| २८६,८३३ | २९. कर्मचारी खाजा तथा पुन र्ताजकी खर्च | २८५,५०० |
| ९१,९८३ | ३०. अतिथि सत्कार | ८३,४३६ |
| ३४८,२६७ | ३१. अन्य | २५६,३१९ |
| ६,२९८,२३० | जम्मा | ६,१७०,८११ |

# गैर सञ्चालन खर्च

| यस वर्ष रु. | बिवरण | गत वर्ष रु. |
|---|---|---|
| ४८१,४८४ | लगानी बिक्रीमा नोक्सानी | |
| | स्थीर सम्पत्ति बिक्रीमा नोक्सानी | |
| | अन्य | |
| ४८१,४८४ | जम्मा | |

# नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि.

# Nepal Housing & Merchant Finance Ltd.




प्रधान कार्यालय
डिल्लीबजार, काठमाडौ
फोन ४४३०५२८, ४४३०८३८
इमेल nhmf@wlink.com.np

शाखा कार्यालय
विराटनगर
फोन ०२१ ५२१८१६
इमेल nhmfbrt@ccsl.com.np




Designed and maintained by RAMSBAY born in nepal